परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ८३ पृष्ठ ४ २०८१ पौष २७ गते, शनिबार 11-January, 2025 मूल्य रु. ५/-


9854020595
9801620595
कान्तिपुर फ्लैक्स प्रिन्ट
मेनरोड, बर्दिवास, महोत्तरी
हाम्रो सेवाहरू
● फ्लैक्स प्रिन्ट ● होर्डिङ्ग बोर्ड ● 2D बोर्ड ● 3Dबोर्ड
● भिजिटिङ्ग कार्ड ● टि-सर्ट प्रिन्ट ● स्टाम्प ● कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## बर्दिवासका बिपन्न समुदायलाई कम्बल बितरण



● निकिता खनाल

बिगत केहीदिनदेखी अत्यधिक चिसो र शितलहर बढेपछी महोत्तरीको बर्दिवास नगरपालिका भित्रका शीतलहर तथा चिसोबाट प्रभावित अति विपन्न दलित तथा असहाय परिवारका सदस्यलाई बिहिवार कम्बल वितरण गरीएको छ । बर्दिवास नगरपालिका,सेभ,द चिल्ड्रेन र सि.डि,ए.एफ,एम को संयुक्त आयोजनामा बर्दिवास नगर पालिका वडा नम्बर १४,६ र ७ भित्रका अति विपन्न तथा गरिब परिवारलाई मानवीय सहायता उपलब्ध गराउने योजना अनुरूप १ सय २१ थान कम्बल वितरण गरीएको हो।

कम्बल बितरण कार्यक्रमलाई सम्बोधनगर्ने क्रममा सामुदायिक बिकास तथा पैरबी मञ्चका अध्यक्ष नागदेब यादबले दलित तथा आर्थिक अवस्था कमजोर भएका लक्षित वर्गलाई कम्बल वितरण गरिएको बताए। उनले भने, समुदायलाई जाडो मा न्यानो प्रदान गर्नका लागि हरेक बर्ष हाम्रो संस्थाले कम्बल वितरण गर्ने गरेको छ।

,हाम्रो संस्थाले न्यानो कम्बल वितरणको अभियान अन्तरगत लक्षित वर्गलाई समेट्ने गरी निरन्तर रूपमा अघि बढाउँदै लैजाने छ।'

हाल शितलहर र जाडोले सताइरहे को अवस्थामा कम्बल पाउँदा खुसी लागेको बर्दिवास १४ की एक मुसहर समुदायको स्थानिय महिलाले बताईन ।

उनले भनिन',चिसोले सताइरहे को थियो । कम्तीमा एउटा भए पनि कम्बल पाउँदा केही राहतको महसुस गरेका छौं,'

त्यस्तै, सोही वडाकी सुदामा देवीले पनि शीतलहर चलिरहेको बेला कम्बल पाउँदा न्यानो हुने बताइन्। उनले भनिन,'धेरै रात चिसोमा नै बितायौं,'"यो कम्बलले केही भए पनि राहतको महसुस गराएको छ।"

नगरपालिकाको वडानम्बर ६ र १४ मा रहेका दलित तथा अन्य समुदायको आर्थिक अवस्था कमजोर भएकाले पनि न्यानो लुगाको अभाव भइरहेको अवस्थामा कम्बल वितरणले केही हदसम्म भए पनि यहाँका जनताले राहतको अनुभुती गरेको उनिहरुले सुनाए।

## सन्तुलित टोली छ, विश्वकपमा केही छाप छाड्छौं : कप्तान पूजा

● टक नेपाल




यू-१९ महिला क्रिकेट टोलीकी कप्तान पूजा महतोले विश्वकपमा प्रतिस्पर्धा गर्न उत्साहित रहेको बताएकी छन् ।

बिदाई कार्यक्रमपछि पत्रकार हरुसँगको अन्तर्क्रियामा उनले मलेसियामा हुन लागेको यू-१९ विश्वकपमा प्रतिस्पर्धा गर्न टोली उत्साहित रहेको बताएकी हुन् ।

विश्वकपअगाडि टेस्ट राष्ट्र वेस्ट इन्डिज र बलियो टोली अमेरिका सँगको खेलले विश्वकपमा खेल्न सहयोग पुग्ने पूजाले बताइन् । उनले टोलीले आफ्नो आत्मविश्वास बढाएको बताइन् । 'टोली निकै सपोर्टिभ भएकोले चुनौती महसुस भएको छैन,' पूजाले भनिन् ।

खेलको दौरान आफूलाई रिस्क नलिन ज्योत्स्निका मरासेनीले सल्लाह दिएको उनले बताइन् । 'दिदी हजुर रिस्क नलिनु, म लिन्छु। हजुर आउट भयो भने हाम्रो गेम सकिहाल्छ,' यस्ता शब्द तथा सबै खेलाडीले कप्तानप्रति देखाएको विश्वासले आफूलाई थप आत्मविश्वास दिने र सकारात्मक उर्जा पाउने उनले बताइन्।

उनले थपिन्, 'टोलीको मनोबल निकै उच्च छ। जसरी एपीएफलाई हिजो हामीले पराजित गर्यौं, यसले जसरी क्याम्पको अन्त्य जितले गर्यौं त्यसरी नै विश्वकपको अन्त्य पनि जितले गर्छौं भन्ने विश्वास छ ।' विश्वकपको यात्राबारे पूजाले भनिन्, 'साँच्चै नै भन्नुपर्दा मलाई लाग्छ हामी सुपर-६ मा पुग्छौं । ब्याटिङ, बलिङ, फिल्डिङ सबै रुपले सन्तुलित टोली छ । विश्वकपमा केही छाप छाड्छौं ।'

पूजाले क्रिकेटमा प्रदर्शनको नै मुख्य भूमिका रहने बताइन् । 'क्रिकेटमा ठूलो सानो भन्ने टोली हुँदैन। आफ्नो गेम देखाएपछि राम्रो क्रिकेट देखाएपछि जेपनि सम्भव हुन्छ,' पूजाले भनिन्।

आर्थिक अपेक्षाभन्दा पनि राम्रो क्रिकेट प्रदर्शन गर्नु नै टोलीको ध्यान केन्द्रित रहेको पूजाले बताइन् । उनले भनिन्, 'आर्थिक अपेक्षाको आशा गरेका छैनौं । पहिले पनि गरेका थिएनौं । जति पायौं यति प्राप्त हुन्छ भन्ने सोचेको पनि थिएनौं । आयो भने ठिक छ नआए पनि केही छैन । देशको लागि खेल्ने हो ।

पैसा त हातको मैल जस्तै कुरा हो। कहिले आउँछ कहिले जान्छ।'

यस्तै, मुख्य प्रशिक्षक महेश रिजालले राम्रो क्रिकेट प्रदर्शन गर्दै नेपालले क्रिकेटमा स्थापित राष्ट्रसमक्ष चुनौती प्रस्तुत गर्ने बताए ।टोलीको पहिलो लक्ष्य दोस्रो चरणमा पुग्ने मुख्य प्रशिक्षक रिजालले बताए।

विश्वकपअघि अभ्यास खेलमा वेस्ट इन्डिज र अमेरिकासँग जितको लागि नै खेले पनि मुख्यतः अभ्यासको अनुभवले विश्वकपको खेलहरुमा थप मद्दत पुग्ने विश्वास मुख्य प्रशिक्षक रिजालले व्यक्त गरे।

के तपाई विदेश जाने सोचमा हुनुहुन्छ?
यदि हुनुहुन्छ भने, हामी तपाईंको शहर बर्दिबासमा आइसकेका छौं।
Study Abroad
Preparation Classes
■ IELTS / PTE Classes
■ Japanese Language Classes
■ Korean Language Classes
IELTS | Pearson | PTE
Date Booking
Australia | Canada | UK | USA
New Zealand | Japan | Korea
ग्रेस इन्टरनेशनल, बर्दिबास
सम्पर्क:- 9841133811, 9854088026, 9854088028
स्थान :- औरही रोड, शुभ स्वस्तिक हस्पिटल (पुरानो भवन)

0% ब्याजदरमा
आकर्षक मोवाईलहरु
अब अन्त किन?

हाम्रै सहर बर्दिबासको
हर्ष उत्कर्ष ट्रेडर्स
बर्दिबास न.पा.-१४, महोत्तरी
मो. ९८१५५६५००, ९८०७८३६३५५

मानव बेचबिखन विरुद्ध सचेतना
❖बेचबिखन रोक्न समाजमा चेतना फैलाउन जरूरी छ ।
❖विद्यालयदेखि नै बालबालिकालाई यसका बारेमा शिक्षित गराउनु पर्दछ ।
❖पाठ्यपुस्तकमा समावेश गरेर आफू कसरी बच्ने र अरूलाई पनि कसरी बचाउने भन्ने कुरा सिकाउन जरूरी छ ।
❖समाजमा तुरुन्तै लागु गर्न सकिने किसिमका पाठ्यसामग्रीह समावेश गर्न जरूरी छ ।
❖रोजगारीका लागि जाने व्यक्तिलाई शिक्षा दिने, गलत बाटोबाट जाँदा पर्ने असरका बारेमा जानकारी गराउने गर्नुपर्छ ।
❖व्यक्तिगत तवरबाट आफु सचेत रहि परिवार र साथीहरू सवैलाई सचेतना फैलाउने ।
बर्दिबास नगरपालिका, महोत्तरी, मधेश प्रदेश

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### हिमाँल जोगाउ

सन् २०२४ डिसेम्बरको दोस्रो साता नेपालका गौरीशंकर, माछापुच्छ्रे लगायतका चर्चित हिमालहरू हिउँविहीन पहाडका रूपमा उभिएको दृश्यले सबैलाई झस्कायो। धेरैले गौरीशंकर हिमालमा हिउँ नभएको तस्बिर सामाजिक सञ्जालमा राख्दै यस्तो दृश्यले हाम्रो क्षेत्रको समस्या छलफल र पैरवीले मात्रै समाधान हुने अवस्थामा नरहेको धारणा व्यक्त गरेको थिएँ।

ठोस कार्यको प्रवेश विन्दु घनीभूत छलफलबाटै हुने गर्दछ। एउटा सुखद् संयोग, त्यसको एक सातापछि १८ डिसेम्बर (३ पुस, २०८१) मा जलवायु परिवर्तन र यसबाट देखिएको तीव्र असर समाधानका लागि क्षेत्रीयस्तरमा एउटा महत्वपूर्ण प्रयास सफल भयो। दक्षिण एशियाली क्षेत्रीय संसदीय मञ्च (सार्फ) को गठन र औपचारिक घोषणा भई क्षेत्रीय ऊर्जा सुरक्षा र जलवायु परिवर्तन समाधानका लागि एक ऐतिहासिक कदम चालिएको छ।

पटक-पटक विश्वका प्रदुषित शहरहरूमध्ये अग्रस्थानमा रहने काठमाडौंबाट, त्यस्तै परिचय बनाइसकेको र बनाइरहेको भारतको राजधानी नयाँदिल्लीमा आयोजना भएको कार्यक्रममा सहभागी हुन जानुअघि म संलग्न रहेको पूर्वाधार विकास समितिका सभापति सहितको सर्वदलीय नेपाली संसदीय प्रतिनिधिमण्डलले सरकार र सम्बन्धित पक्षहरूसँग गहिरो छलफल गरी राय लिएको थियो।

कार्यक्रममा नेपालको तर्फबाट प्रस्तुत गरिने सम्बोधन र श्वेतपत्रमा समावेश गरिने विषयवस्तुहरूको तयारीका लागि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण र अन्य विज्ञहरूसँग आवश्यक गृहकार्य पूरा गरिएको थियो।

नेपाल लगायतका दक्षिण एशियाली मुलुकहरूले भोगिरहेका जलवायुजन्य समस्या र तिनको प्रभावहरूको दीर्घकालीन समाधान खोज्न भारतीय क्लाइमेट पार्लियामेन्टका अध्यक्ष डा. सञ्जय जैसवालको नेतृत्वमा दक्षिण एशियाली क्षेत्रीय संसदीय मञ्च (सार्फ) घोषणा भएको छ यो मञ्च गठनका लागि नेपाल र बङ्गलादेशले लामो समयदेखि पहलकदमी लिएका थिए। मञ्चको औपचारिक स्थापनासँगै क्षेत्रीय ऊर्जा सहकार्य र जलवायु परिवर्तनका चुनौतीको समाधानमा नयाँ सम्भावनाको ढोका खुलेको छ।

जलवायु परिवर्तन कुनै एक देशको मात्र समस्या होइन, न त यो कुनै एक देशका कारण मात्र सिर्जित हो। यो प्राकृतिक र मानवजन्य क्रियाकलापका कारण उत्पन्न भयावह चुनौती हो, यसले सम्पूर्ण दक्षिण एशियामा बाढी, खडेरी र असामान्य र अस्वाभाविक रूपमा हिमालको हिउँ पग्लिने समस्या जस्ता गम्भीर असर पुऱ्याएको छ नेपाल जस्ता हिमाली राष्ट्रहरूको लागि यो समस्याले प्राकृतिक स्रोतहरूको सन्तुलन बिगार्नुका साथै ऊर्जा उत्पादन र कृषिमा गम्भीर संकट खडा गरेको छ।

# 'बेकारको जागिर खाइएछ यार !'

● प्रेम शर्मा



दिउँसोको एक बजे विद्यालयको मध्यान्तर हुने समय हो। मध्यान्तरको घण्टी बजेपछि सबै स्टाफहरूको भेट हुने थलो भनेको चमेना गृह नै हो।

गिर्भान दाइ चमेना गृहका सञ्चालक हुनुहुन्छ। उहाँको पाककला वास्तवमा गज्जबको छ। चियाका पारखीहरूलाई गिर्भान दाइको हातको चिया नखाएसम्म धित नमर्ने। उहाँले बनाउने पकौडी र समोसामा त स्वादको जादु नै हुन्छ।

आज रिजन सरको अनुहार अलिक मलिन छ। सधैं हँसिलो हुने अनुहार आज मलिन देख्दा सबै साथीहरूलाई कौतुहलता हुने नै भयो। रबिन सरले ठट्टा गर्दै भन्नुभयो- 'आज घरतिरको मौसम ठिक छैन कि के हो रिजन सर? किन अनुहार अलिक मलिन छ नि?'

रिजन सरले प्याट्ट भन्नु भयो, 'बेकारको जागिर खाइएछ यार! नखाऊँ भने दिनभरिको सिकार खाऊँ भने कान्छा बाउको अनुहार।'

'ओहो रिजन सर, जागिर नपाएर मान्छे कहाँ कहाँ पुगु परेको छ, आफ्नै देशमा सरकारी स्थायी जागिर अझ के को बेकार हो? दुनियाँमा संघर्ष बिनाको जिन्दगी कहाँ सम्भव होला र? डार्विनको विकासवादी सिद्धान्तको बारेमा त हजुर जस्तो विज्ञान शिक्षकलाई के भनूँ र ?,' मैले प्रश्न तेर्स्याइहाले।

'जागिर गरेर के गर्ने सर, आत्मसन्तुष्टि त हुनुपर्‍यो। पढायो पढायो पाठ सोह्र दुना आठ भने जस्तै भएपछि जागिर खानुको के अर्थ? आजकलका बच्चाहरूको पढाइमा लगावै छैन। जतिसुकै मेहनत गरेर पढाए पनि कुनै परिवर्तन छैन। दुई/चार जना बाहेक विद्यार्थीले पढ्दै पढ्दैनन्। भोलि नतिजा राम्रो नआउँदा सबैको औला शिक्षक तिरै तेर्सिन्छ हाम्रो पालामा दिनरात घोटिएर पढिन्थ्यो र पो हुन्थ्यो।'

रिजन सरको यो अभिव्यक्तिले एक पटक घोल्लिएर सोच्नु पर्ने ठाउँमा पुऱ्याइदियो। दुनियाँको कुन विद्यालयमा सबै विद्यार्थी एउटै क्षमताका छन् होला ? इतिहासको कुन कालखण्डमा सबै विद्यार्थीहरू एउटै क्षमता र बौद्धिकताका थिए होलान् ?

विद्यालयको पाठ्यक्रम अन्तरगतका केही सीमित पुस्तकहरूको अध्ययन अध्यापनको आधारमा गरिने सफलता र असफलताको वर्गीकरण जिन्दगीको सफलता र असफलतासँग मेल खान्छ कि खान्न होला? हाम्रो शिक्षा प्रणाली कि विद्यालय असफल कि विद्यार्थी ?

एकाएक मेरो दिमागमा थोमस अल्वाएडिसनको चित्राकृति फनफनी घुम्न थाल्यो। विद्यालयले असफल घोषणा गरेर निकालिएको बालक कालान्तरमा कसरी दुनियाँको नामुद वैज्ञानिक भएर मानव जातिका लागि महत्वपूर्ण योगदान गरेर गए। पप गीतका बादशाह भनेर चिनिने माइकल ज्याक्सनको औपचारिक शिक्षाको कुनै डिग्री थिएन तर दुनियाँमा कहिल्यै नमेटिने छाप छोडेर गए। विश्वको सबै भन्दा धनी व्यक्ति बन्न सफल बिल गेट्स कलेज ड्रप आउट गरेका थिए।

मेरो मनसाय माथि उल्लेखित उदाहरण देखाएर पठन संस्कृतिमा आएको गिरावटलाई बढवा दिनु हुँदै होइन। मेरो मनसाय औपचारिक शिक्षा नलिएर जीवनमा सफल भइन्छ भन्ने पनि हैन तर हाम्रो शिक्षा प्रणालीले सबै खाले प्रतिभाको प्रस्फुटन गरेन कि भन्ने हो। हाम्रो विद्यालय शिक्षा एकाङ्गी तरिकाको भयो कि भन्ने हो। हाम्रो शिक्षा प्रणालीले हात्ती, चरा र माछालाई एउटै परिवेशमा प्रतिस्पर्धा गराएर सफल र असफलको ट्याग लगायो कि भन्ने हो।

आज विश्व भूमण्डलीकरण भएको छ। सूचना प्रविधिको विकास उच्चतम तहमा पुगेको छ मानिसका आवश्यकता र आकाङ्क्षाहरूमा बढोत्तरी भएको छ। अपवाद बाहेक हाम्रा कक्षाकोठाहरू आजका बालबालिकाका आकाङ्क्षाहरू लाई सम्बोधन गर्न सक्ने स्तरका छन् त ?

**के हाम्रा विद्यालयहरू बालबालिकाको सर्वाङ्गीण विकास गर्न सक्षम छन् त?**

पक्कै पनि छैनन्। राज्यले विद्यालय शिक्षाको अवस्था सुधार गर्न गम्भीर रूपमा पहलकदमी लिन आवश्यक छ। नत्र भने रिजन सरले भनेजस्तै नखाऊँ भने दिनभरिको सिकार खाऊँ भने कान्छा बाउको अनुहार हुनेछ।

**हाम्रो निति निर्माणको कमजोरी के हो ?**

नीति निर्माणको तहमा देखिने कमजोरी र त्रुटि हटाउन सकिन्छ तर नीति के हो ? कसरी तर्जुमा गर्ने भन्ने नै थाहा भएन भने कसरी कमी पूर्ति गर्ने ? आज नेपालको शिक्षा क्षेत्र डरलाग्दो अन्योलमा छ। कुन नीति, के कार्यक्रम र कस्तो योजनाका आधारमा सञ्चालन गर्ने भन्ने भेउ शिक्षा मन्त्रालय र सम्बद्ध निकायलाई समेत छैन। सत्तारुढ दल, प्रतिपक्ष पनि विद्यार्थी भनेका शासन व्यवस्थाको स्वार्थपूर्ति गर्ने औजार मात्र हुन् भन्ने धारणाबाट मुक्त हुन सकेका छैनन्। त्यसले पनि नीति कार्यक्रम र कानुनको बीचमा भेद छुट्याउन नसक्ने समस्या खडा गरिदिएको छ। सरकार, शिक्षामन्त्री, मन्त्रालय अहोरात्र कानुनको रट लगाएर बसेको देखिन्छ। शिक्षा क्षेत्रको सुधार-परिमार्जनका लागि कानुन मात्र सबथोक होइन।

नीति-कार्यक्रम भएन भने कानुनले केही अर्थ राख्दैन। त्यसैले सरकारले शिक्षा प्रतिको आफ्नो दृष्टिकोण सबभन्दा पहिले स्पष्ट गर्नुपर्छ। सरकार को दृष्टिकोण अनुसारको नीति निर्माण हुनुपर्छ र त्यो नीति कार्यान्वयन गर्न कानुन निर्माण हुनुपर्छ।

नीति भनेको हिँड्नका लागि आवश्यक पर्ने गोरेटो हो। गोरेटो निर्माण नभई काँडाघारीमा, भीरपहरामा कुनै यात्रुले यात्रा गर्न सक्दैन।

कानुनले त यात्राका क्रममा आउने गोरेटोका बाधा हटाउने मात्र हो। त्यसकारण सरकारको पहिलो प्राथमिकता कानुन होइन, नीति हो। नीति, योजना र कार्यक्रमपछि त्यसको कार्यान्वयन गर्न कानुनको दरकार हुन्छ। कानुन निर्माणको स्वाभाविक प्रक्रिया छ, त्यो दुसाध्य विषय होइन।





# पोखरी सौन्दर्यकरणमा करोडौँ खर्च भए पनि छैन उपलब्धि

अली असगर देवान



वीरगन्ज महानगरपालिकाको मुर्ली पोखरी मधेस प्रदेश सरकारको स्वच्छता अभियान कार्यक्रम अन्तर्गत सौन्दर्यकरण योजनामा छनोट परेर ठेक्का सम्झौता भएको पाँच वर्ष बित्यो। तर यो पोखरी सौन्दर्यकरणको काम अहिलेसम्म टुङ्गिन सकेको छैन।

महानगरपालिकाको वडा नम्बर-१२ स्थित मुर्ली पोखरी सौन्दर्यकरण कार्य अहिले अलपत्र छ। प्रदेश सरकारको योजना र तिनको कार्यान्वयनको अवस्था कस्तो छ भन्ने एउटा ज्वलन्त उदाहरण बनेको छ यो पोखरी।

सार्वजनिक पोखरीलाई व्यवस्थित गरेर पर्यटनको हब बनाउने उद्देश्यले यो पोखरी सौन्दर्यकरणका लागि १० करोड रुपैयाँभन्दा बढी बजेट विनियोजन भयो। पोखरी सौन्दर्यकरणका लागि ०७६ सालमा परेरा रन्जन जेभी ललितपुर नेपाल नामक कन्स्ट्रक्सनले प्रदेश सरकारसँग ठेक्का सम्झौता पनि गऱ्यो।

उक्त कम्पनीले ०७६ सालको वैशाख २३ गते १० करोड ४३ लाख रुपैयाँमा प्रदेश सरकारसँग मुर्ली पोखरीको सौन्दर्यकरणका लागि ठेक्का सम्झौता गरेको थियो। सुरुको सम्झौता अनुसार तोकिएको म्यादभित्र निर्माण गर्न नसकिएपछि फेरि उक्त कम्पनीले ०७८ सालभित्र निर्माण गरिसक्ने सर्तमा म्याद थप गऱ्यो।

त्यो म्याद थप गरेको पनि अहिले तीन वर्ष नाघिसकेको छ। यद्यपि मुर्ली पोखरीको सौन्दर्यकरणको काम सकिएको छैन। यो पाँच वर्षको अवधिमा उक्त पोखरीको भित्री भागमा मन्दिर बनाइएको छ भने बाहिरी र भित्री वाल खडा गरिएको छ। पोखरीमा प्रवेश गर्नका लागि प्रवेशद्वार, पोखरी किनारामा सिँढी, रेलिङ निर्माण गरिएको छ।

यद्यपि कतिपय काम अझै पूरा हुन सकेको छैन। रङरोगन, प्लास्टरसहित अन्य धेरै काम अझै बाँकी नै छन्। ती काम कहिलेसम्म पूरा हुन्छ भन्नेसमेत ठेगान छैन।

मधेस सरकारका तत्कालीन मुख्यमन्त्री लालबाबु राउत गद्दी पछिल्ला सरकारले ती योजनाको महत्व नबुझ्दा अलपत्र परेको बताउँछन्। आफ्नो नेतृत्वको तत्कालीन सरकारले प्रदेश र प्रदेशवासीको हितका लागि यो जना ल्याएर बजेट विनियोजनसमेत गरे पनि पछिल्ला सरकारले अलपत्र पारेको उनको आरोप छ।

पूर्वाधार कार्यालय पर्साका अनुसार मुर्लीको पोखरी सौन्दर्यकरणको काम अझै २० प्रतिशत बाँकी छ। पूर्वाधार कार्यालय पर्साका प्रमुख लालबाबु रायका अनुसार अहिलेसम्म यो पोखरी सौन्दर्यकरण अन्तर्गत सम्झौता बमोजिमको ८० प्रतिशतमात्रै काम भएको छ। २० प्रतिशत काम अझै बाँकी रहेको रायले बताए।

यो पोखरी सौन्दर्यकरणको जिम्मा लिएको ठेकदार कम्पनीले अहिलेसम्म ७ करोड ७ लाख ८१ हजार ५६० रुपैयाँ भुक्तानी पाइसकेको छ।

मुर्लीमात्रै होइन, पर्साको नगवा पोखरी पनि पोखरी सौन्दर्यकरणको कार्यक्रममा छनोट भएको थियो। उक्त पोखरीलाई सुन्दर बनाउनका लागि प्रदेश सरकारले १० करोडभन्दा बढी बजेट विनियोजन गरेको थियो। यसको निर्माण कार्यको जिम्मा पनि परेरा रन्जन जेभी ललितपुरले नै पाएको थियो। तर यो पोखरीको अवस्था पनि उस्तै छ। नगवा पोखरी सौन्दर्यकरणको काम पनि अहिले अघि बढ्न सकेको छैन।

नगवा पोखरीमा त मुर्लीको तुलनामा धेरै कम निर्माणको कार्य भएको स्वयं पूर्वाधार कार्यालय पर्साका प्रमुख राय बताउँछन्। ठेकदार कम्पनीले यो पोखरी सौन्दर्यकरण बापत ३ करोड ९७ लाख ८७ हजार ५७६ रुपैयाँ भुक्तानी पाइसकेको छ।

सौन्दर्यकरण कार्यक्रममा छनोट भएका अन्य पोखरीको अवस्था पनि मुर्ली र नगवा पोखरीको अवस्थाभन्दा पृथक् छैन। सुरुवाती चरणमा केही काम भए पनि अहिले ती पोखरी सौन्दर्यीकरणको काम अलपत्र छन्।

त्यसबेला मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रम अन्तर्गत पर्सा जिल्लाका नगवा पोखरी, मुर्ली पोखरी, लक्ष्मणवा पोखरी, मुर्ली बगैँचा र निचुटा पोखरी गरी पाँच वटा पोखरी सौन्दर्यकरण योजनामा छनोट गरेको थियो। तर यी सबै पोखरीमा निर्माण कार्य अलपत्र अवस्थामा छन्।

बारा र रौतहटमा यो कार्यक्रम अन्तर्गत छनोटमा परेका पोखरीहरूको पनि अवस्था पर्साकोभन्दा फरक छैन। बारामा २ वटा पोखरी र रौतहटमा एउटा पोखरी प्रदेश सरकारको पोखरी सौन्दर्यकरण योजनामा परेको थियो।

बारामा इशारा पोखरी (सिम्रौनगढ) र खेखकरीया मठ (विश्रामपुर) परेको हो भने रौतहटमा बिनागारा गजेन्द्र पोखरीमापोखरीसौन्दर्यकरणकोकार्यक्रम लागु थियो। तर ती योजना सम्पन्न हुन नसकेको सम्बन्धित पूर्वाधार विकास कार्यालय स्रोतले जनाएको छ।

मधेस सरकारका पहिलो मुख्यमन्त्री लालबाबु राउतकै पालामा स्वच्छता अभियान कार्यक्रम अन्तर्गतको पोखरी सौन्दर्यकरण योजना अघि सारिएको हो। तत्कालीन मुख्यमन्त्री राउतले यसलाई प्रदेशकै गौरवको आयोजनाका रूपमा अघि बढाइने बताए पनि कहिले बजेट अभाव, कहिले ठेकदारलाई रकम भुक्तानी नभएको, कतै गुणस्तरहीन काम भएको भन्दै विवाद उत्पन्न भएको थियो।

मधेस पोखरी नै पोखरीको प्रदेश भएकाले त्यसलाई संरक्षण गरी प्रदेशमा पर्यटक आकर्षित गर्ने उद्देश्यले त्यसबेलाको मन्त्रिपरिषद्ले यो योजना ल्याएको प्रदेश सरकारका तत्कालीन भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनल बताउँछन्।

उनका अनुसार मधेसमा पोखरी सौन्दर्यकरण योजना नयाँ थियो। ऐतिहासिक महत्त्व बोकेका पोखरी सौन्दर्यकरण गरी सामाजिक र धार्मिक पर्यटकीय विकासको उद्देश्यले यी योजना ल्याइएको उनको भनाइ छ।

तर अहिले ती योजना अलपत्र पर्दा आफूहरूलाई दुःख लागेको सोनल बताउँछन्। उनले भने, 'कुनै पनि योजना अधुरो रहनु हुँदैन। यसले न सरकारलाई फाइदा हुन्छ, न त जनतालाई नै।'

धेरथोर लगानी भइसकेका यो जनालाई बिचमै अल्झाउँदा प्रतिफल नहुने उनले बताए। 'योजना पूरा भयो भने मात्र त्यसले प्रतिफल दिन्छ र जनताको हित पनि हुन्छ,' उनले भने।

तर, मधेसका हरेक जिल्लामा अघि सारिएका पोखरी सौन्दर्यकरण योजना अलपत्र बनेका छन्। कुनै पोखरीमा वाल निर्माण भएको छ भने कुनैमा सिँढीमात्रै बनेका छन्। कतै बाहिरी वालको प्लास्टर गरिएको छ भने कतै निर्माणका लागि ल्याइएका सामानसमेत छरपस्ट अवस्थामा छन्। कतिपय पोखरीमा निर्माण भएको संरचना पनि भत्किन थालेका छन्।

०७६ सालमा पोखरी सौन्दर्यकरणका लागि सरकारले ठेकदार कम्पनीहरूसँग निर्माणको सम्झौता गरेको थियो। सम्झौताको चार वर्षभित्र (२ वर्ष म्याद थपसहित) निर्माण कार्य सम्पन्न गरेर हस्तान्तरण गर्नुपर्ने थियो। तर पनि पोखरी सौन्दर्यकरणका योजना सम्पन्न हुन सकेका छैनन्।

**कुन जिल्लामा कति काम ?**

पर्सा, बारा र रौतहट गरी ८ वटा पोखरीमा सौन्दर्यकरण योजना अघि बढाइएको थियो। यी तीन जिल्लाका ८ वटा पोखरीका लागि त्यसबेलाको सरकारले ४२ करोड २६ लाख ५३ हजार ९१७ रुपैयाँ बजेट छुट्याएको थियो। जसमध्ये १६ करोड ६५ लाख ८७ हजार १३७ रुपैयाँ भुक्तानी भइसकेको छ। तर, ८ वटा पोखरीमध्ये एउटाको पनि निर्माण पूरा हुन सकेको छैन।

एउटा पोखरीको सौन्दर्यकरणका लागि कम्तीमा पौने २ करोड रुपैयाँदेखि लिएर बढीमा साढे १० करोड रुपैयाँसम्मको बजेट विनियोजन भएको थियो। पोखरी सौन्दर्यकरण कार्यक्रम अन्तर्गत छनोट भएका पोखरीहरूमा छठ घाट, पोखरीको बिचमा मन्दिर, भित्री वाल, बाहिरी वालसहितका संरचनाहरू बनाउनुपर्ने सम्झौता ठेकदार कम्पनीसँग भएको थियो।

तर अहिले सबै ठाउँमा निर्माण कार्य ठप्प भएको छ। पर्सा पूर्वाधार विकासका कार्यालय प्रमुख रायका अनुसार जिल्लामा पाँच वटा योजना परेकोमा कुनै पनि पोखरीको काम सम्पन्न भएको छैन।

तुलनात्मक रूपमा मुर्ली पोखरीको काम केही बढी भएको उनले बताए।

रायले भने, 'मुर्लीको एउटा पोखरीबाहेक सबै पोखरीका निर्माणका कार्य अधुरो छ। निर्माण कार्य नै अहिले रोकिएको छ। तर कामको प्रगतिअनुसार अधिकांश योजनामा भुक्तानी भने भइसकेको छ।'

पर्साको जिल्लाको पाँचवटा पोखरीको सौन्दर्यकरणका लागि मात्रै २७ करोड ३१ लाख ४१ हजार रुपैयाँभन्दा बढीको सम्झौता भएको थियो। जस अनुसार सुरुवाती चरणमा केही काम भएको उनले बताए।

'सुरुमा केही काम भयो। त्यही आधारमा सम्झौता अनुसार ठेकदार कम्पनीले भुक्तानी पनि लिएको थियो,' रायले भने, 'पर्साका पाँच वटा पोखरीबाट ठेकदार कम्पनीले अहिलेसम्म साढे १२ करोडभन्दा बढी भुक्तानी लिइसकेको छ।' यद्यपि, पछिल्लो समय ठेकदारले काम नै ठप्प पारेको राय बताउँछन्।

बाराका इन्जिनियर राजेश चौधरीले बारामा जिल्लामा छनोट भएका दुई वटै पोखरीको सौन्दर्यकरण प्रगति सामान्य रहेको बताए। उनका अनुसार अहिलेसम्म दुई वटै पोखरीको निर्माणको कार्य १० देखि १५ प्रतिशतमात्रै भएको छ। प्रदेश सरकारले सुरुवाती चरणमै २ करोड ९३ लाख ७ हजार रुपैयाँ भुक्तानी गरिसकेको चौधरीले बताए।

रौतहटमा पनि बारा र पर्साकै जस्तो अवस्था छ। यो जिल्लामा पोखरी सौन्दर्यकरणका लागि एउटा पोखरी छनोट भएको पूर्वाधार विकास कार्यालय रौतहटले जनाएको छ। पूर्वाधार विकास कार्यालय रौतहटका प्रमुख दीपक मिश्रका अनुसार छनोट भएको पोखरीमा अहिलेसम्म २५ प्रतिशतमात्रै काम भएको छ।

७५ प्रतिशत काम बाँकी रहे पनि अहिलेसम्म प्रगति हुन नसकेको उनले सुनाए। यहाँ पनि चार करोडको काममा ठेकदारलाई एक करोड रकम भुक्तानी दिइसकिएको उनले बताए।

**सरकारले रकम भुक्तानी नगर्दा समस्या**

प्रदेश सरकारले बजेट विनियो जन नगर्दा पोखरी सौन्दर्यकरणको काम रोकिएको ठेकदार कम्पनीहरूको गुनासो छ।

सुनकोशी कन्स्ट्रक्सनका देव झाले प्रदेश सरकारले योजनामा पैसा नराख्दा समस्या उत्पन्न भएको बताए। उनका अनुसार सुरुवाती चरणमा निर्माणको काम अघि बढाउँदा प्रदेश सरकारले पनि बिल अनुसार रकम भुक्तानी गर्दै आएको थियो। तर पछिल्लो चरणमा यो शीर्षकमा बजेट नै राख्न छाडिएपछि सबै काम ठप्प भएको उनले बताए।

झाले भने, 'अहिले पनि हामी सम्झौता अनुसार बैंक जमानत र इन्स्यूरेन्सको कर तिरिरहेका छौँ, तर प्रदेश सरकारले भने यो शीर्षकमा बजेट नै राखिरहेको छैन। त्यसैले यसको जिम्मा लिएका सबै ठेकदार बिचल्लीमा परेका छन्।'

प्रदेश सरकारले आफ्नो योजनामा आफैँले बजेट सुनिश्चितता गर्नुपर्नेमा आफूहरू उल्टै मन्त्रालयमा धाउँदै बजेट राख्न गुहार मागिरहेको झा बताउँछन्। 'प्रदेश सरकारले बजेट थपिदियो भने सम्झौता अनुसार हामी निर्माण कार्य पूरा गर्ने तयार छौँ,' उनले भने।


## VACANCY ANNOUNCEMENT!!!

### Urgent Requirement

Position:- Area Sales Representative (ASR)
Number of Vacancy(ies): 2
Qualification: SLC Passed/ +2 Completed
Experience: Fresher are encouraged to apply or 1-2 years in a Isp Internet Sector
Contract of Employment: Full-time
Job Location: Bardibas, Mahottari
Sallary : As per Company policy

**Skills and Knowledge:**

1.Excellent sales and negotiation skills.
2.Good planning and organizational skills.
3.The ability to work calmly under pressure.
4.Creating a sales plan and proactively experimenting to improve execution.
5.Strong interpersonal and communication skills.
6.Demonstrable and successful sales track record.
7.Good presentation skills.

**Job Duties & Responsibilities:**

1. Present, promote and sell products/services using solid arguments to existing and prospective customers.
2. Establish, develop and maintain positive business and customer relationships.
3. Reach out to customer leads.
4. Achieve agreed upon sales targets and outcomes within schedule.
5. Coordinate sales effort with team members and other departments.
6. Prepare and execute sales applications.
7. Analyze the territory/market's potential, track sales and status reports.

**Vianet Communication Ltd.**

*To Apply:- Send your Resume to rahulkumarjha@vianet.com.np or call (+9779801131433,9802341986)*

*Published Date: 2025-01-09 Application Deadine: 2025-01-29*

# जनकपुरधाम-२४ का वडाध्यक्ष सहनीलाई ६ महिना कैदसहित २ लाख २५ हजार जरिवाना



● टक नेपाल

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-२४ का वडाध्यक्ष उपेन्द्र सहनीलाई विशेष अदालतले भ्रष्टाचारको आरोपमा दोषी ठहर गर्दै ६ महिना कैद र २ लाख २५ हजार रुपैयाँ जरिवाना तोकेको छ।

गत भदौ २५ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले वडाध्यक्ष सहनी, वडा सचिव उपेन्द्र साह र कार्यालय सहयोगी विजय मण्डललाई पक्राउ गरेको थियो। उनीहरूले जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-२४ का एक सेवाग्राहीसँग घर बाटो सिफारिस गरेवापत घुस लिएका थिए।

सेवाग्राहीले आफ्नो जग्गाको घरबाटो सिफारिसको लागि वडाध्यक्ष कार्यालयका सहयोगी मण्डलमार्फत साढे ४ लाख रुपै याँ घुस दिएका थिए। अख्तियारको टोलीले उक्त रकमको लेनदेनमाथि छानबिन सुरु गरेको थियो।

अख्तियारको अनुसन्धान टोलीले दोषीहरूलाई न्यायिक हिरासतमा राखेर विस्तृत अनुसन्धान अघि बढाएको थियो। अदालतमा पेश भएको प्रमाण र बयानका आधारमा विशेष अदालतले उनलाई दोषी ठहर गर्दै सजाय निर्धारण गरेको हो।

# जनकपुर साहित्य महोत्सव २०८१ : संस्कृति, साहित्य र रचनात्मकताको उत्सव

● टक नेपाल




नव मिथिला फाउण्डेशनले आगामी माघ २४ गतेदेखि सुरू हुने छैटौं जनकपुर साहित्य महोत्सव २०८१ को तयारीलाई तीव्र बनाएको छ।

महोत्सवको महत्वपूर्ण अंशको रूपमा आजदेखि कथावाचन कार्यशाला गोष्ठी सुरू भएको हो। प्रसिद्ध बाल साहित्य विज्ञ राजीव धर जोशीको नेतृत्वमा सुरू भएको गोष्ठीमा शिक्षकलाई रचनात्मक कथावाचन प्रविधिहरू सिकाइने छ। यस सिकाईले विद्यार्थीहरूलाई प्रेरित गर्न र कक्षामा सिकाइ सुधार्न मद्दत पुर्याउँछ।

प्रतिस्पर्धाको माध्यमबाट बालबालिकाहरूको सिर्जनशीलता र प्रतिभा उजागर गर्न यो अवसर प्रदान गरिएको नव मिथिला फाउण्डेशनका अध्यक्ष अमित कुमार साहले बताए।

नव मिथिला फाउण्डेशनले महोत्सवको माध्यमबाट बालबालिकाहरूको सिर्जनशीलता र प्रतिभा उजागर गर्ने अवसर प्रदान गर्ने उद्देश्य राखेको छ। यसबाट विद्यार्थीहरूलाई विभिन्न प्रतिस्पर्धाहरू मार्फत आफ्नो कला र विचारको प्रस्तुत गर्ने मौका मिल्नेछ।

महोत्सवको उद्धाटन माघ २४ गते जनकपुर धामको प्रसिद्ध राम मन्दिर परिसरमा हुनेछ। यस महोत्सवको तीन दिवसीय कार्यक्रम २६ गतेसम्म चल्नेछ। महोत्सवमा साहित्य, संगीत, सिने ा, संस्कृति, ाहिचान, माज र राजनीति जस्ता विभिन्न क्षेत्रका ओपन-एयर प्यानलमा छलफल हुने कार्यक्रम राखिएको छ। महोत्सवका आयोजक नवमिथिला फाउण्डेशनका अध्यक्ष अमित कुमार साहले यस महोत्सवमा नेपालका साहित्यकार, राजनीतिज्ञ, कलाकार, संगीतकार र लेखकहरूको सहभागिता जानकारी दिएका छन्।

महोत्सवको मुख्य उद्देश्य मिथिलाको समृद्ध संस्कृति र सांस्कृतिक धरोहरलाई उजागर गर्नुका साथै देशभरिका साहित्यप्रेमीहरूलाई एकत्रित गरि यस क्षेत्रको पर्यटन र सांस्कृतिक धरोहरको प्रवर्द्धन गर्नु हो। उपाध्यक्ष आदित्य नेपालले महोत्सवको उद्देश्यलाई 'धरातल, संस्कृति र संस्कारको उत्सव'को रुपमा प्रस्तुत गर्दै यसलाई नयाँ र परिस्कृत ढंगले सञ्चालन गर्ने योजना बनाइरहेको बताए।

फाउण्डेशनले महोत्सवका लागि विविध सुझाव र विचारहरू संकलन गरिरहेको छ। यसले यस महोत्सवलाई अझ प्रभावकारी र उत्साहजनक बनाउन मद्दत पुर्याउने विश्वास गरिएको छ। फाउण्डेशनका अध्यक्ष साहले महोत्सवलाई सफल बनाउन सबैको सामूहिक प्रयासको आवश्यकता औंल्याएका छन्।

महोत्सवमा सहभागी हुने विशिष्ट व्यक्तिहरूका बारेमा जानकारी दिँदै उनले यस महोत्सवले समग्र मिथिला क्षेत्रको सांस्कृतिक र साहित्यिक धरोहरलाई अझ मजबुत बनाउने र यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा ठूलो योगदान पुर्याउने विश्वास व्यक्त गरिएको बताए।

जनकपुर साहित्य महोत्सव २०८१ ले साहित्य र संस्कृति प्रेमीहरूलाई एकजुट गर्नका साथै मिथिलाको पहिचान र परम्परालाई जिवित राख्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास राखिएको छ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान
शाखा कार्यालय बर्दिबास, महोत्तरी
फोन नं. ०४४-५५०१४६

NATHM centre of excellence Bardibas

## तालिम सञ्चालन सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१।०९।२६

उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय मधेश प्रदेश सरकारको पूर्ण लागतमा नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान शाखा कार्यालय, महोत्तरी बर्दिबासको सहकार्यमा आ.व. २०८१/८२ मा तपशिल अनुसारको सिप बिकास सम्बन्धी तालिमहरु संञालन हुन गईरहेकोले तालिममा सहभागी हुन चाहने मधेश प्रदेशमा स्थायी बसोबास भएको योग्य नेपाली नागरिकबाट दरखास्त आवह्वान गरिन्छ ।

| क्र.स | तालिम | न्यूनतम योग्यता | संख्या | तालिम अवधी | तालिम शुल्क | फाराम भर्ने अन्तिम मिति | सम्पर्क मिति | छनोट प्रकृया | तालिम शुरू हुने मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | Barista | SEE वा सो सरह उत्तिर्ण | २५ | १ महिना | निःशुल्क | २०८१/१०/११ | २०८१/१०/१४ | योग्यता र अन्तरवार्ता | छनोट प्रकृया सम्पन्न भए लगत्तै सञ्चालन गरिनेछ |
| २. | Bakery | SEE वा सो सरह उत्तिर्ण | २५ | १ महिना | | | | | |
| ३. | Local Guide | SEE वा सो सरह उत्तिर्ण | ४० | ७ दिन | | | | | |

नोट :

१. दरखास्त फाराम निवेदनको साथमा २ प्रति हालसालै खिचेको पासपोर्ट साईजको फोटो, नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि प्रतिष्ठानको शाखा कार्यालयमा बुझाउनु पर्ने छ ।
२. अन्तरवार्ता सम्बन्धी सूचना यस प्रतिष्ठानको सूचना पाटी र सामाजिक सञ्जालमा प्रकाशन गरिने छ ।
३. निवेदकहरुले आफ्नो सम्पर्क मोबाईल नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ।
४. तालिम अवधी भरी खाना तथा आवासको व्यवस्था प्रशिक्षार्थी स्वंयम आफै गर्नुपर्ने छ।

**सुचना !　　सुचना !!　　सुचना !!!**

समाज वचत तथा ऋण सहकारी संस्थाको संचालक समितीको २०८१/०९/०७ को निर्णय अनुसार यस संस्थाको २२ औं साधारण सभा तपशिलको मिति,समय र स्थानमा हुने भएकोले यसै सुचनालाई आधार मानी सम्पुर्ण शेयर सदस्यलाई उपस्थीतीको लागी अनुरोध गरिन्छ। यस संस्थाले आफ्नो शेयर सदस्यलाई पत्रीका, सामाजीक संजाल र रेडियोमार्फत सुचना दिईएको हुँदा यसै सुचनालाई आधार मानी सम्पुर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थीतीको लागी अनुरोध गरिन्छ।

**तपशील**

मितिः २०८१/१०/०३ बिहिवार
समय : ११ बजे देखी
स्थानः **IRDS**, समाज सहकारी अस्पतालको प्राङ्गणमा

**गीता अधिकारी**
**अध्यक्ष**
**समाज वचत तथा ऋण सहकारी संस्था**
**बर्दिबास-०१, महोत्तरी**
**सम्पर्क नं:.९८१९८१४४३६,९८४४०५२६३८**

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, प्रधान सम्पादकः निकेश खनाल, सल्लाहकार सम्पादक :माधव पौडेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com